# पाठ २ ओता वार्ड मा स्वागतम् !

ओता शहर टोक्यो खाडी र पश्चिमबाट पूर्वतिर बहने तामागावा नदीले घेरिएको शहर हो। हानेडा एयरपोर्टलगायत समृद्ध तट र हरियाली भएको, टोक्यो महानगरीय प्रान्तमा सबैभन्दा धेरै सङ्ख्याको कारखाना र बजार लाइन भएको ओता शहर टोक्यो क्षेत्रको महत्त्वपूर्ण यातायात हब (मुख्य केन्द्र) हो, जहाँ मानिस, सामान र जानकारी जम्मा र आदानप्रदान हुने गर्छ।
ओता शहरले यस्तो भौगोलिक श्रेष्ठताको फाइदा उठाउँदै शहर सरकार र निजी क्षेत्रले सहकार्य गरेर पहिले हानेदा एयरपोर्ट भएको ठाउँमा संसार र विभिन्न मुलुक जोड्ने गेटवेको रूपमा हानेदा इनोभेसन सिटी निर्माण गरेको छ। हामी ओता शहरलगायत जापानको उत्पादन प्रविधि र जापानको प्रत्येक क्षेत्रका आकर्षक कुराहरूलाई जापानभित्र तथा बाहिर प्रवर्द्धन गर्दै क्षेत्रीय अर्थतन्त्रको पुनरुत्थान र जापानको आर्थिक वृद्धिको लागि योगदान हुने पहलहरूलाई अगाडि बढाउँदै छौं।
साथै शहरभित्र विभिन्न देशका खानाहरूको आनन्द उठाउन सक्ने थरीथरीका रेष्टुरेण्ट तथा खाजाघर अनि टोक्यो महानगरीय प्रान्तमा का २३ शहरमध्ये सङ्ख्यामा सबैभन्दा धेरै भएको “कुरोयु (कालो तातो पानी)” -को लागि प्रख्यात सार्वजनिक स्नानगृहहरू छन्।
यसरी जापानको सम्पूर्ण विशिष्ट विशेषताहरू झल्काउने भएकोले ओता शहरलाई जापानको 'माइक्रो कोजम' (सूक्ष्म जगत्) भनिन्छ। अनि अत्याधुनिक प्रविधि भएको कम्पनी, शिल्पकला भएका कारिगर, व्यापारिक चहलपहल देखिने पसलहरू, जापानको इतिहास र परम्परागत संस्कृति आदि ओता शहरका विभिन्न आकर्षक कुराहरू पूर्ण रूपमा अनुभव गर्न सक्नुहुनेछ।



大田区公式 PR キャラクター
はねぴょん
©Ota City

## १ ओता सहर मुख्य कार्यालयको मार्ग दर्शन

**प्रमुख भवन ५-१३-१४ कामता, ओता वार्ड**
**03-5744-1111** (प्रतिनिधि / जापानिज)
ओता वार्ड टेलिफोन अनुवाद सेवा (प्रतिनिधि / बहुभाषा)

**●फ्लोर म्याप आदि**

२

## २ नगरपालिका सेवा काउन्टरहरूमा पहुँचको सन्दर्भमा

### (१) सप्ताहान्तबाहेकका दिनहरूमा कार्यालय खुल्ने समय

- कार्यालय ८:३० देखी १७:१५ बजे सम्म खुल्छ

### (२) राती, आइतबार कायार्लय खुल्ने समय

दिनको समयमा वार्ड कार्यालयमा जान नभ्याउने व्यक्तिहरूले पनि निवासी दर्ता प्रमाणपत्रको फोटोकपी वा छाप दर्ता प्रमाणपत्र जस्ता कागजात लिन सकून् भनेर निम्न अनुसार राती तथा आइतबार पनि काउन्टर खुलिएको छ।

- काउन्टर खुल्ने दिन तथा समय
  विस्तृत जानकारीको लागि ओता शहरको होमपेज हेर्नुहोस्।
- ठेगाना
  ओता वार्ड मुख्यालय पहिलो तला, घरेलु वासिन्दा रजिस्ट्री डिभिजन A
- उपलब्ध सेवाहरु

(१) परिवार वा व्यक्तिगत प्रमाणपत्र जारी
※सम्बन्धित व्यक्ति वा उक्त परिवारको कुनै एक सदस्यलाई दिईने सिधान्तमा सिमित छ ।
(२) वासिन्दा प्रमाणपत्रको प्रतिलिपिहरू जारी
※सम्बन्धित व्यक्ति वा उक्त परिवारको कुनै एक सदस्यलाई दिईने सिधान्तमा सिमित छ
(३) लाहाछाप दर्ता प्रमाणपत्र जारी गरिनेछ ।
(४) वासिन्दा रजिसटरमा भएको बिषयहरुको प्रमाणपत्र प्रमाणीकरण र जारी गरिन्छ ।
(५) पेन्सन, कोष, आदि ईत्यादीको स्थितिको सूचनाको प्रमाणपत्र दिईने छ ।
(६) आवासीय कराधान (गैर-कराधान) प्रमाणपत्र र कर भुक्तानी प्रमाणपत्र जारी गरिन्छ
(७) बासिन्दाहरूको बसाइँ सराईको सूचनाको सङ्कलन (शहरमा बसाइँ भित्रिने, शहरबाट बसाइँ सर्ने, शहरभित्र आन्तरिक बसाइँ सर्ने) (विदेशी नागरिकहरूबाहेक)
(८) लाहछप दर्ता, लाहछप हराएको तथा त्यागेको निवेदन दर्ता सम्बन्धी काम कारवाही गरिन्छ ।
(९) परिवार रजिस्ट्रार सूचनाहरू र दाहसन्स्कार अनुमती को रसीद जारी गरिन्छ ।

## ३ क्षेत्रिय कार्यालय र शहर शाखा कार्यालयहरू

ओटा शहरमा ४ क्षेत्रिय कार्यालय र १८ शाखा कार्यालयहरू छन् जस्ले ओता शहरका बासिन्दाहरूको लागि विभिन्न प्रक्रियाहरू सञ्चालन गर्दछन ।

### (१) क्षेत्रिय कार्यालय

- **ओमोरी क्षेत्रिय कार्यालय** १-१२-१ ओमोर-निसी
- **चोफु क्षेत्रिय कार्यालय** ४-६ युकिगया-ओचुकाचो
- **कामता क्षेत्रिय कार्यालय** २-१-१ कामता-होन्चो
- **कोजिया र हनेदा क्षेत्रिय कार्यालय** १-२१-१५ हिगासी -कोजिया


स्थानीय क्षेत्रमा क्षेत्रिय कार्यालयहरूले निम्न मामलामा सम्बन्धित सेवाहरू प्रदान गर्छन्।

| विवरण | सोधपुछ |
|---|---|
| वृद्ध र असक्षम व्यक्तिहरुका मुद्दाहरु | क्षेत्र कल्याण र सेवा डिभिजन<br>ओमोरी ☎03-5764-0654 चोफु ☎03-3726-4140<br>कमता ☎03-5713-1505 कोजीया/हानेदा ☎03-3741-6646 |
| शिशु स्वास्थ्य, स्वास्थ्य परामर्श र अन्य स्वास्थ्य र स्वच्छता बारे मुद्दा | क्षेत्रीय स्वास्थ्य डिभिजन<br>ओमोरी ☎03-5764-0661 चोफु ☎03-3726-4145<br>कामता ☎03-5713-1701 कोजीया/हानेदा ☎03-3743-4161 |
| सामाजिक कल्याण आदिसँग सम्बन्धित | सामाजिक कल्याण डिभीजन<br>ओमोरी ☎03-5843-1028 चोफु ☎03-3726-5551<br>कामता ☎03-6715-8800 कोजिया / हानेदा ☎03-3741-6521 |
| नगरपालिका सडक, पार्क, साइकल सम्बन्धी समस्याहरू | क्षेत्रीय आधारभूत संरचना विकास डिभिजन १ (ओमोरी क्षेत्र)<br>व्यवस्थापन साखा ☎03-5764-0629<br>सडक र नदी व्यवस्थापन ☎ 03-5764-0631<br>पार्क व्यवस्थापन ☎03-5764-0643 |
| | क्षेत्रीय आधारभूत संरचना विकास डिभिजन २ (कामता क्षेत्र, कोजिया र हनेडा क्षेत्र)<br>व्यवस्थापन साखा ☎ 03-5713-2006<br>सडक र नदी व्यवस्थापन ☎ 03-5713-2007<br>पार्क व्यवस्थापन ☎ 03-5713-1118 |
| | क्षेत्रीय आधारभूत संरचना विकास डिभिजन ३ (चोफु क्षेत्र)<br>व्यवस्थापन साखा ☎ 03-3726-4300<br>सडक र नदी व्यवस्थापन ☎ 03-3726-4303<br>पार्क व्यवस्थापन ☎ 03-3726-4320 |
| | शहरी आधारभूत संरचना वकिास ब्रयवस्थापन डभिजिन<br>सडक सुरक्षा र साइकल समग्र योजना<br>☎ 03-5744-1390 |

## (२) साखा कार्यालय

**सोमबार देखी शुक्रबार (विदाका र डिसेम्बर २९ देखी जनवरी ३ बाहेक) ८:३० देखी १७:००**

| | |
|---|---|
| उपलब्ध सेवाहरु | •ठेगानामा परिवर्तन, लाहछप दर्ता, ) परिवार रजिस्ट्रार सूचनाहरू<br>•वासिन्दा प्रमाणपत्रको प्रतिलिपिहरू जारी, परिवार रजिस्ट्रार प्रमाणपत्र, कराधान र कर भुक्तानी प्रमाण पत्रहरु,आदी<br>•बिशेष नगरपालिका कर, हल्का सवारीसाधन कर , राष्ट्रिय स्वास्थ्य बिमा सुल्क, नर्सिङ बिमा शुल्क, जेष्ठ नागरिक बिमा सुल्क भुक्तानी<br>•राष्ट्रिय स्वास्थ्य बिमामा भर्ना अथवा अयोग्यता, राष्ट्रिय स्वास्थ्य बिमा कार्डको पुन: जारी, राष्ट्रिय पेन्सनमा भर्ना अथवा अयोग्यता, आधारभूत पेन्सन नम्बर सूचन पत्रको पुनः जारी निवेदन<br>•मातृ र बाल स्वास्थ्य पुस्तिका जारी |
| | •स्थानिय संघ, युवा स्वास्थ्य, सुरक्षा तथा शिक्षा र स्थानीय अग्नि नियन्त्रण सम्बन्धी गतिबिधिहरु |



| साखा कार्यालयहरूको नामहरु | फोन | ठेगाना |
| --- | --- | --- |
| ओमोरी- हिगाशी साखा कार्यालय | 03-3741-8801 | ४-९-१ ओमोरी- मिनामी, ओता शहर |
| ओमोरी- निशी साखा कार्यालय | 03-3764-6321 | २-१६-२ ओमोरी- निशी, ओता शहर |
| ईरिआराई साखा कार्यालय | 03-3761-5303 | लुज ओमोरी 1F, १-१०-१४<br>ओमोरी - किता, ओता शहर |
| मागोमे साखा कार्यालय | 03-3774-3301 | ३-२५-५ नाका- मागोमे, ओता शहर |
| ईकेगामी साखा कार्यालय | 03-3752-3441 | १-२९-६ इकेगामी, ओता शहर |
| आराईजुकु साखा कार्यालय | 03-3776-5391 | १-२१-६ चुओ, ओता शहर |
| मिनेमाचि साखा कार्यालय | 03-3722-3111 | ७-१ डेन्-एन्चोफु - होन्चो, ओता शहर |
| देन- एन्चोफु साखा कार्यालय | 03-3721-4261 | १-३०-१ डेन्-एन्चोफु, ओता शहर |
| उनोकी साखा कार्यालय | 03-3750-4241 | २-३०-५ मिनामी कुगाहारा , ओता शहर |
| कुगाहारा साखा कार्यालय | 03-3752-4271 | ४-१२-१० कुगाहारा, ओता शहर |
| युकीगया साखा कार्यालय | 03-3729-5117 | ३-६-२ हिगाशी युकिगया, ओता शहर |
| सेन्जोकु साखा कार्यालय | 03-3726-4441 | २-३५-८ किता सेन्जोकु, ओता शहर |
| रोकुगो साखा कार्यालय | 03-3732-4885 | २-४४-११ नाका - रोकुगो, ओता शहर<br>रोकुगो सामुदायिक क्रियाकलाप प्रवर्धन केन्द्र पहिलो तल्ला |
| यागुची साखा कार्यालय | 03-3759-4686 | २-२१-१४ यागुची, ओता शहर |
| कामाता निशी साखा कार्यालय | 03-3732-4785 | 1F, ७-१२-२ ओता शहर निशी-कामाता |
| कामाता हीगाशी साखा कार्यालय | 03-5713-2001 | २-१-१ कामाता - होन्चो, ओता शहर |
| कोजिया साखा कार्यालय | 03-3742-4451 | २-१४-१३ निशी - कोजिया, ओता शहर |
| हानेदा साखा कार्यालय | 03-3742-1411 | ओता शहर हानेदा १-१८-१३<br>हानेदा सामुदायिक क्रियाकलाप प्रवर्धन केन्द्र<br>पहिलो तल्ला |

## टिप्पणी